**प्रस्तावः मिति २०७६/०५/२७ गते शुक्रबार, ६६ औ बैठक**

१. कार्यविधि सम्वन्धमा
२. आ.व. २०७६/२०७७ का लागत सहभागिता योजना सम्वन्धमा
३. समितिको प्रतिवेदन
४. CCTV जडान सम्वन्धमा
५. आर्थिक सहयोग सम्वन्धमा
६. संविधान दिवश मनाउने सम्वन्धमा
७. ड्याममा तारवार सम्वन्धमा
८. डेंगु संचेतना सम्वन्धमा
९. नदिजन्यपदार्थ सम्वन्धमा
१०. विज्ञापनकरसम्वन्धमा
११. घ वर्ग सम्वन्धमा
१२. दररेट सम्वन्धमा
१३. जग्गा उपलब्धता सम्वन्धमा
१४. मोटरसाइकल खरिद सम्वन्धमा
१५. पारिश्रमिक सम्वन्धमा

**निर्णयनं. १ः**

घोराही उपमहानगरपालिकाको निम्न शाखाबाट प्रस्तुत भएको तपशिल बमोजिमका कार्यविधि छलफल गरि पारित गरियो |

तपशिलः

| क.स. | कार्यविधिको नाम | प्रस्तुत गर्ने शाखा | |
|---|---|---|---|
| १. | अस्थायी सेवा अवधि गणना कार्यविधि २०७६ | सामान्य प्रशासन महाशाखा | |
| २. | नगर प्रहरी व्यवस्थापन तथा संचालन कार्यविधि २०७६ | सरसफाई व्यवस्थापन शाखा | |
| ३. | तलाउ संचालन तथा व्यवस्थापन कार्यविधि २०७६ | योजना शाखा | |

**निर्णय नं. २ः**

घोराही उपमहानगरपालिकाबाट चालु आ.व. २०७६/०७७मा लागत सहभागिता बाट संचालन हुने आयोजनाहरु छनौट गर्न उपभोक्ताहरुको जानकारीको लागि १५ दिने सूचना प्रकाशन गर्ने।

**निर्णयनं. ३:**

घोराही उपमहानगरपालिकाको मिति २०७६/३/२२ गते६२औ कार्यपालिका बैठक लेछानविन समिति गठन गरिगत आ.व. २०७५/०७६मा ठेक्का आह्वान मार्फत कार्य सुरु भएको रिसिलिङ प्रविधि मार्फत सडक मर्मत गर्ने कार्यमा प्रयोग भएका सामग्रीहरु कम सल तथा गुणस्तर हिन भएको तथा लागत सहभागितामा अस्फाल्ट प्रविधि मार्फत सडक पिच गर्ने क्रममा उपकरणहरुको प्रयोग बिना नैकार्य अगाडी बढाउदा सडक पिच प्रविधि अनुसार नभई कमजोर भएको भन्ने व्यापाक जन गुनासो रहेको हुँदा सो सम्वन्धमा तेश्रो पक्ष मुल्यांकन मार्फत गुणस्तर परिक्षण गरि र त्यस सम्वन्धमा भएको कमी कमजोरीको सम्वन्धमा विस्तृत अध्ययन गरि छानबिन समितिले पेश गरेको प्रतिवेदन अनुसार रिसिलिङ प्रविधि मार्फत सडक मर्मत तथा अस्फाल्ट प्रविधि मार्फत सम्पन्न भएका सडक पिचका कार्यहरु प्राविधिक मुल्यांकन गरि भुक्तानी दिने |

**निर्णय नं. ४:**

घोराही उपमहानगर पालिकाको बजार क्षेत्रको सुरक्षा व्यवस्थापन लाई थप भरपर्दो र विश्व सनीयता बनाउन बजार क्षेत्रका मूख्य मूख्य स्थानमा CCTVजडान गर्ने कार्य जिल्लाट्राफिक कार्यालयको समन्वयमा गर्ने|

**निर्णय नं. ५:**

घोराही उपमहानगरपालिकामा निम्न संस्था बाट तपशिल बमोजिम का कार्यक्रमका लागि आर्थिक सहयोग माग भै आएको हुँदा देहाए अनुसार आर्थिक सहयोग निम्नशिर्षकबाट दिने |

| क्र. स. | संस्थाको नाम | कार्यक्रमको नाम | सहयोग रकम रु | भुक्तानी शिर्षक | कैफियत |
|---|---|---|---|---|---|
| १. | नेपाल स्तम्भकार समाज दाङ | लेखक/स्तम्भकारहरुलाई तालिम | १०००००\|०० | अन्य संस्था सहायता | |
| २. | दाङ मार्सल आर्ट्स हप्किडो संघ | दाङ जिल्ला स्तरीय मार्शल आर्ट्स हप्किडो प्रतियोगिता २०७६ | २००००\|०० | अन्य संस्था सहायता | |
| ३. | भरतपुर आइ.टि.एफ तेक्वान्दो डोजाङ | प्रथम जिल्ला स्तरीय आइ.टि.एफ तेक्वान्डो च्याम्पियनशिप प्रतियोगिता | २००००\|०० | अन्य संस्था सहायता | |
| ४. | नवदुर्गा पुजा समिति | माता दुर्गा भवानीको मुर्ति स्थापना | २००००\|०० | धार्मिक तथा संस्कृतिक संस्था सहायता | |
| ५. | कारागार कार्यालय घोराही, दाङ | चर्पी तथा विद्युत मर्मत, सेफ्टी ट्यांकी निर्माण | | अन्य संस्था सहायता | प्राविधिक ल.इ.अनुसार |
| ६. | युनाइटेड नयाँबजार क्लब | लिस्नु कप नकआउट फुटबल प्रतियोगिता- २०७६ | २००००\|०० | अन्य संस्था सहायता | |
| ७. | थारु पत्रकार संघ दाङ | चौथो केन्द्रिय महाधिवेशन | १५०००\|०० | अन्य संस्था सहायता | |
| ८. | गिरिराज शर्मा | पुस्तक छपाई | २००००\|०० | अन्य संस्था सहायता | |

**निर्णय नं. ६ः**

"संविधान तथा राष्ट्रिय दिवश २०७६" मनाउने सम्वन्धमा मिति २०७६ असोज २, ३ र ४ गते तपशिल बमोजिमका कार्यक्रमहरु गर्ने |
तपशिलः

१. मिति २०७६/६/२ गते बिहान ७:३० बजे नगर सरसफाई गर्ने
२. मिति २०७६/६/३ गते बिहान ७:३० बजे तुलसीपुर चोक देखि हात हातमा राष्ट्रिय झण्डा लिई गृह मन्त्रालयले तोकेको नमुना टिशर्ट बमोजिमको टिशर्ट लगाई पन्चेबाँजा सहित प्रभात फेरी गर्ने
३. मिति २०७६/६/२,३,४ गते सबै कार्यालयहरुमा दिपावली गर्ने

**निर्णय नं. ७ः**

घोराही उपमहानगरपालिका क्षेत्र भित्र निर्माण भएका जलाशय हरुको संरक्षणका लागि तारवार गर्न प्राविधिक लगत इस्टिमेट गर्ने र जोखिम मा रहेको चेपे जलाशय आ .व.२०७६/०७७ मा प्राविधिक इस्टिमेट अनुसार तारवार गर्ने |

**निर्णय नं. ८ः**

घोराही उपमहानगरपालिका क्षेत्रमा डेंगुको विरामीहरु बढ्दो क्रममा रहेको हुँदा सम्पूर्ण नगर वासीलाई संचेत गराउन सम्पूर्ण टोल विकास संस्था तथा विद्यालयहरुमा डेंगु सम्वन्धी संचेतना कार्यक्रम गर्ने |

**निर्णय नं.९ः**

आ.व. २०७६/२०७७ का लागि नदि जन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा), उत्खनन तथा व्यवस्थापन कार्य गर्न दामोदर रोड देखि दक्षिण (कटुवा खोला र सिस्ने खोला को दोभान) र बबई नदीको IEE भएका स्थानमाठेक्का गर्न सूचना प्रकाशन गर्ने|

**निर्णय नं.१०:**

राजस्व परामर्श समितिको निर्णयानुसार पाँचौ नगर सभा बाट चालु आ .व. २०७६/०७७ का लागि स्वीकृत विज्ञापन करको न्यूनतम अंक रु २००००००|०० (अक्षरुपि बिस लाख मात्र) कायम गरि २ पटक सम्म ठेक्का आह्वान गर्दा कुनै पनि बोलपत्रदाता हरुबाट ठेक्का सम्झौताको लागि फर्म पेश हुन नआएको हुँदा सो सम्वन्धमाराजस्व परामर्श समितिको मिति २०७६/५ /२३ गते बसेको बैठककोनिर्णयबाटविज्ञापन करको दर न्यूनतम रु १२०००० ०|०० (अक्षरुपि बाह्र लाख मात्र) कायम गर्ने भनि निर्णय भएको हुँदा सोही अनुसार न्यूनतम अंक रु १२०००००|०० (अक्षरुपि बाह्र लाख मात्र) कायम गरि पुनः ठेक्का आह्वान गर्ने |

**निर्णय नं. ११ः**

यसघोराहीउपमहानगरपालिकाकोलेबनाएको"घ" वर्गकोनिर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिम सबै प्रक्रिया र कागजातहरु पुरा गरे नगरेको हेरी बि. आर. टि. कन्स्ट्रक्सन प्रा .लि.का प्रो. रामचन्द्र गिरीलाई "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र दिने।

**निर्णय नं. १२ ः**

मिति २०७६/४/१३ गते ६४ औं कार्यपालिका बैठकले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १३ अनुसार यस घोराही उपमहानगर पालिका क्षेत्र भित्रलागु हुने गरि आ .व. ०७६/०७७ का लागि निर्माण कार्यमा प्रयोग हुने निर्माण सामग्री, उपकरण (हेबी गाडी), श्रमिकहरुको न्युनतम पारिश्रमिक (ज्याला) लगायत विषयहरुमा न्यूनतम दररेट निर्धारण गरि पेश गर्न पूर्वाधार तथा सहरी विकास महाशाखा लाई जिम्मेवारी दिने निर्णय गरेकोमा सो दर रेटहरु जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरे बमोजिम कायम गर्ने |

**निर्णय नं १३ः**

क) विपश्यना ध्यान तथा चरित्र निर्माण केन्द्र को मिति २०७६/५ /२५ गतेको पत्रानुसार घोराही उपमहानगरपालिका भित्र संस्कार युक्त सुसंस्कृत सामाज निर्माण गर्न घोराही उपमहानर पालिका वडा नं. १७ गुलरिया स्थितशहिद पार्क तथा सांस्कृतिक संग्राहलय को दक्षिण तर्फ रहेको साविक रावत गाउँ २ ख कित्ता नं. २३५को सरकारी जग्गाबाट दक्षिणतर्फ करिब ०-१०-० क्षेत्रफल बराबरको जग्गा विपश्यना ध्यान तथा चरित्र निर्माण केन्द्र निर्माण का लागि उपलब्ध गराई पाउँ भनि माग भै आएको र सो सम्वन्धमा उपर्युक्त जग्गा उपलब्ध गराउन घोराही उपमहानगर पालिका वडा न. १७ वडा कार्यालयको च.नं. ७१५, मिति २०७६/५ /२५ को पत्र बाट सिफारिस समेत भै आएको हुँदा उपर्युक्त जग्गा माकेन्द्र निर्माण गर्न सरकारी जग्गा लिज मा उपलब्ध गराउने कार्य नीति २०७१ बमोजिम उपलब्ध गराउन अनुमति दिने |

ख) पद्मोदय क्याम्पस घोराही दाङको माग अनुसार साविक हरिद्वार १ क कि.नं. ४२८ क्षेत्रफल २-१२-१५ को सरकारी जग्गाबाट कयाम्पसको भवन निर्माणको लागि करिब ०-१५-० क्षेत्रफल बराबरको जग्गा उपलब्ध गराई पाउँ भनि माग भै आएको र सो सम्वन्धमा उपर्युक्त जग्गा उपलब्ध गराउन घोराही उपमहा नगरपालिका १७ नं . वडा कार्यालयको च .नं.७५३ मिति २०७६/५ /२७ को पत्र मार्फत सिफारिस समेत भै आएको हुँदा उपर्युक्त कि.नं.को जग्गा मध्ये करिब ०-१५-० कट्ठा जग्गा पद्मोदय क्याम्पस को भवन निर्माण को लागि सरकारी जग्गा लिज मा उपलब्ध गराउने कार्यनीति २०७१ बमोजिम उपलब्ध गराउन अनुमति दिने |

**निर्णय नं. १४:**

जिल्ला ट्राफिक कार्यालय दाङ को च.नं. १४३ को पत्रानुसार कार्यालय मा सवारी साधनको सिमाना रहेकोले ट्राफिक व्यवस्थापन का लगायत कार्यमा समस्या परेको हुँदा १ (एक) वटा मोटरसाइकल उपलब्ध गराई सहयोग गरि दिनु हुन भनि माग भै आएको र यस कार्यालय मा मौज्दात मोटरसाइकल नभएको हुँदा खरिद गरि उपलब्ध गराउने ।

**निर्णय नं. १५:**

कार्यपालिकाको मिति २०७६/४ /१३ गते बसेको ६४ औं बैठक को निर्णयानुसार यस कार्यालयमा स्वास्थ्य सेवातर्फ करार सेवामा कार्यरत कर्मचारी रसामाजिक परिचालक (गरिबसंग विशेश्वर समेत) हरुले हाल प्राप्त गर्दै आएको सेवा सुबिधा अत्यन्त न्यून र फरक फरक भएकोले उहाँहरुलाई प्रदान गर्न सकिने सेवा सुविधा सम्वन्धमा एकरुपता समेत हुने गरि सुझाव प्रस्तुत गर्न सार्वजनिक सेवा तथा क्षमता विकास समितिका संयोजक श्री खोपिराम चौधरीको संयोजकत्वमा गठन गरिएको समितिले मिति २०७६/५/२६ गते पेश गरेको प्रतिवेदनमा तपशिल बमोजिम का सेवा सुविधा कायम गर्न सिफारिस गरेको हुँदा सोही बमोजिम गर्ने ।

तपशिलः

| सि.नं. | पद | अब कायम हुने पारिश्रमिक | कैफियत |
|---|---|---|---|
| १. | का.स. | १६,२३०।०० | मासिक |
| २. | सहायक चौथौ (सामाजिक परिचालक/गरिबसंग विशेश्वर सहित) | २०,०००।०० | गरिबसंग विशेश्वर कार्यक्रम मा कार्यरत कर्मचारीलाई उहाँहरुले केन्द्रबाट प्राप्त गर्ने रकममा नपुग थप दिने |
| ३. | सहायक पाँचौ | २२,०००।०० | |